आज मिति २०८२ भाद्र १२ गते बिहिबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८२/०८३ को दोस्रो गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

## उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | मान |
| १४ | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५ | श्री गोविन्द बस्नेत | स.क.अ. | |

निर्णयहरू :

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा ।

२. पारिश्रमिक निर्धारण समिति गठन सम्बन्धमा ।

३. स्थायी कर्मचारी तह वृद्धि सम्बन्धमा ।

CamScanner

निर्णयहरु:

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ भाद्र ९ गते बसेको पहिलो कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाको चालू आ.व. २०८२/०८३ का लागि निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न तपशिल बमोजिमको दररेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| १. श्री मिना कार्की बस्नेत | (गा.पा. अध्यक्ष) | संयोजक |
| २. श्री अम्नी प्रसाद पराजुली | (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य |
| ३. श्री राज कुमार खत्री | (आर्थिक प्रशासन शाखा प्रमुख) | सदस्य |
| ४. श्री चित्र कुमारी श्रेष्ठ | (उद्योग वाणिज्य संघ प्रतिनिधि) | सदस्य |
| ५. श्री सुवर्ण घिमिरे | (ईन्जिनियर) | सदस्य सचिव |

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको तहवृद्विका लागि कोशी प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सरकार सेवा (गठन तथा संचालन) ऐन, २०८० मा भएको व्यवस्था अनुसार लिखु पिके गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तहवृद्विका लागि जारी गरिएको कार्यविधि अनुसार यस कार्यालयबाट मिति २०८२/०२/२९ गते प्रकाशन गरिएको सूचना अनुसार रितपूर्वक निर्धारित समयमा पेश भएका निवेदनका आधारमा यस कार्यालयको कर्मचारी तहवृद्धि सिफारिस समितिबाट निर्णय भई आएको पुर्वाधार विकास शाखामा कार्यरत सहायकस्तर पाँचौ तह, सिभिल सब-ईन्जिनियर पदमा कार्यरत श्री निशान कार्की (कर्मचारी संकेत नं. २३८९१०) को आवश्यक सम्पुर्ण न्युनतम योग्यता र सेवा अवधी पुगेको साथै निजको हालसम्म तहवृद्धि गर्न नहुने कुनै अवस्था समेत नरहेको हुनाले निजलाई कोशी प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सरकार सेवा (गठन तथा संचालन) ऐन, २०८० मा भएको व्यवस्था अनुसार निज कर्मचारीलाई सहायकस्तर पाँचौ तह, सिभिल सब-ईन्जिनियर पदबाट अधिकृतस्तर छैठौं तहमा मिति २०८२ श्रावण १ गते देखि ज्येष्ठता कायम हुने गरि तहवृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।